ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट स्वीकृत मिति: २०७५/०७/०७
पहिलो संशोधन मिति: २०७७/०५/१०
दोस्रो संशोधन मिति: २०७८/११/११

# विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५

विद्युत नियमावली, २०५० को नियम ९४क. ले दिएको अधिकार प्रयोग गरी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "आधिकारिक व्यक्ति" भन्नाले प्रवर्द्धकको तर्फबाट विभाग समक्ष सम्पर्क वा पत्राचार गर्न सम्बन्धित कम्पनीको सञ्चालक समितिले तोकेको आधिकारिक व्यक्ति सम्झनु पर्छ ।

(ख) "आयोजना" भन्नाले विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण सम्बन्धी आयोजना सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले विद्युत ऐन, २०४९ सम्झनु पर्छ ।

(घ) "प्रवर्द्धक" भन्नाले कुनै विद्युत आयोजनाको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्रको लागि दरखास्त दिएका वा अनुमतिपत्र प्राप्त गरेका कानुन बमोजिम स्थापित संगठित संस्थालाई सम्झनु पर्छ ।

(ङ) "नदी वेसिन गुरुयोजना" भन्नाले कोशी, गण्डकी, कर्णाली र महाकाली नदी वेसिनको अध्ययन गरी जलस्रोतको बहुपक्षीय उपयोग गर्न तयार गरिएको गुरुयोजना सम्झनु पर्छ ।

(च) "नियमावली" भन्नाले विद्युत नियमावली, २०५० सम्झनु पर्छ ।

(छ) "विभाग" भन्नाले विद्युत विकास विभाग सम्झनु पर्छ ।

+(ज) "आयोजना बैङ्क" भन्नाले नेपाल सरकार आफैले जलविद्युत आयोजनाको सर्वेक्षण वा उत्पादन गर्ने उद्देश्यले छुट्याइएका वा कुनै कारणले जलविद्युत आयोजनाको अनुमतपित्र खारेज वा रद्द भई नेपाल सरकारको स्वामित्वमा आएका आयोजनाको बैङ्कलाई सम्झनु पर्छ ।

(झ) "हाइड्रोलोजिकल टाइम सिरिज डाटाको प्रोब्याबिलिटी अफ एक्सिडेन्स क्यू फोर्टी फाइभ" भन्नाले कुनै नदीमा प्रवाह भएको पानीको मापन गर्दा प्राप्त भएको तथ्यांकका आधारमा टाइम सिरिज विश्लेषण अवधिको पैंतालीस प्रतिशत समयमा न्यूनतम रुपमा निरन्तर उपलब्ध हुने पानीको परिमाण पत्ता लगाउने प्रक्रिया सम्झनु पर्छ ।

+(ञ) "मन्त्रालय" भन्नाले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई सम्झनु पर्छ ।

+(ट) "काबु बाहिरको अवस्था" भन्नाले महामारी, बाढी पहिरो, भूकम्प, आगजनी जस्ता प्राकृतिक तथा विपदजन्य घटना वा परिस्थितीलाई सम्झनु पर्छ ।

+ पहिलो संशोधनद्वारा संशोधित

## परिच्छेद-२

## आयोजनाको जडित क्षमता निर्धारण सम्बन्धी व्यवस्था

३. **जलविद्युत आयोजनाको जडित क्षमता निर्धारणः** +(१) जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र प्रदान गर्ने प्रयोजनका लागि आयोजनाको जडित क्षमता देहायका बमोजिम आधारमा निर्धारण गरिनेछः

(क) प्रवर्द्धकले उपलब्ध गराएको हाइड्रोलोजिकल टाइम सिरिज डाटाको प्रोब्याबिलिटी अफ एक्सिडेन्स क्यू फोर्टी फाइभको आधारमा,

(ख) विभागमा उपलब्ध आधिकारिक हाईड्रोलोजिकल तथ्याङ्क र प्रवर्द्धकले पेश गरेको त्यस्तो तथ्यांङ्क बीच तात्विक रुपमा फरक परेकोमा विभागमा उपलब्ध तथ्याङ्कका आधारमा,

(ग) मोडिफाईड हाइडेष्ट र मिडियम हाइड्रोपावर स्टडी प्रोजेक्ट(एमएचएसपि १९९७) का आधारमा प्राप्त तथ्यांकको औषत गणनाबाट प्राप्त हुन आउने पानीको बहाव (वाटर डिस्चार्ज) र प्रस्तावित आयोजना क्षेत्रको कुल उचाई (ग्रस हेड) मा अधिकतम पाँच प्रतिशतसम्म हेड लस तथा ओभर अल इफिसियन्सी न्यूनतम असी प्रतिशत सम्मका आधारमा,

+(घ) जलाशययुक्त आयोजनाका हकमा जडित क्षमता निर्धारणको आधार आयोजनागत रुपमा फरक हुन सक्नेछ ।

+(ङ) राष्ट्रिय प्रसारण लाइन उपलब्ध नभएको स्थानमा ग्रामिण विद्युतीकरण गर्ने १ मे.वा.क्षमतासम्मका आयोजनाको हकमा "हाइड्रोलोजिकल टाइम सिरिज डाटाको प्रोब्याबिलिटी अफ एक्सिडेन्स क्यू एट्टी ($Q_{80}$) सम्मको आधार लिन सकिनेछ ।

(२) सर्वेक्षण अनुमतिपत्रको लागि दिइएको दरखास्तमा माग गरिएको भन्दा बढी जडित क्षमता कायम हुने भएमा प्रवर्द्धकबाट सो बमोजिमको अनुमतिपत्र दस्तुर र अध्यावधिक डेस्क अध्ययन प्रतिवेदन पेश भएपछि मात्र विभागले आयोजनाको जडित क्षमता निर्धारण गर्नेछ ।

४. **जलवद्युित बाहेकका अन्य आयोजनाको जडित क्षमता निर्धारणः** (१) प्रवर्द्धकले पेश गरेको तथ्याङ्क वा आवश्यकतानुसार सम्बन्धित निकायबाट प्राप्त तथ्याङ्क, स्रोतको समुचित उपयोग, विद्युत बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफल समेतका आधारमा जलविद्युत बाहेकका अन्य विद्युत आयोजनाको जडित क्षमताको निर्धारण गरिनेछ ।

(२) प्रवर्द्धकले दरखास्तमा माग गरेको जडित क्षमता भन्दा विभागबाट निर्धारण भएको जडित क्षमता बढी हुने भएमा विभागबाट निर्धारण भए बमोजिम जडित क्षमता कायम गरिनेछ ।

५. **आयोजनाको अधिकतम लाभ लागत (प्रोजेक्ट अप्टिमाइजेशन)का आधारमा क्षमता निर्धारणः** विद्युत उत्पादनको स्रोतको उपयोग, विद्युत बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफल समेतलाई आधार मानी आयोजनाको उत्तम लाभ लागत (प्रोजेक्ट अप्टिमाइजेशन)का आधारमा आयोजनाको जडित क्षमता निर्धारण गर्न सकिनेछ ।

+६. **सहमति लिनु पर्नेः** +(१) एकसय किलोवाटदेखि एकहजार किलोवाटसम्म क्षमता भएका जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र जारी गर्नु अघि विभागसङ्ग सहमति लिनुपर्नेछ ।

+(२) सहमतिका लागि विभाग समक्ष अनुरोध गर्दा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः

(क) हाईड्रोलोजिकल तथ्याङ्क सहितको डेस्क अध्ययन प्रतिवेदन, र

(ख) आयोजना क्षेत्र र त्यससंग सम्बन्धित प्रमुख संरचनाहरु रेखाङ्कन भएको स्थलरुप नक्सा ।

+ पहिलो संशोधनद्वारा संशोधित

+(३) सहमति माग गरिएको आयोजनाको क्षेत्र यस अघि जारी भएका अन्य अनुमतिपत्र वा विभागमा विचाराधीन सर्वेक्षण अनुमतिपत्रको दरखास्तमा उल्लेख भएका आयोजना वा आयोजना बैंक वा नदी वेसिन गुरु योजनाले पहिचान गरेका आयोजनालाई प्रतिकूल प्रभाव पर्ने वा नपर्ने समेतको विश्लेषण गरी प्रतिकूल प्रभाव नपर्ने देखिएमा मात्र विभागले सहमति दिनेछ ।

(४) उपदफा (१) बमोजिमको प्रविधिक स्वीकृति पश्चात् सम्बन्धित स्थानिय तहले प्रवर्द्धकलाई प्रदान गरेको अनुमतिपत्र सहित अन्य प्रतिवेदनहरु सर्वेक्षण अनुमतिपत्र जारी भएको मितिले पन्ध्र दिनभित्र विभागमा पठाउनु पर्नेछ ।

## परिच्छेद-३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

७. **सर्वेक्षण अनुमतिपत्रको दरखास्तः** कुनै विद्युत आयोजनाको विकास गर्न चाहने प्रवर्द्धकले विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गर्नको लागि ऐन तथा नियमावलीमा उल्लिखित विवरण तथा कागजातका अतिरिक्त देहाय बमोजिमका कागजातहरु संलग्न गरी नियमावलीको अनुसूची–२ बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछः

(क) विद्युतको उत्पादन क्षमता बमोजिम अनुमतिपत्र दस्तुर बापतको रकम विभागको धरौटी खातामा जम्मा गरेको सक्कल रसिद,

(ख) नियमावलीको नियम ४ बमोजिमका विवरणहरु समावेश गरी (जस्तैः अध्ययन कार्य गर्न लाग्ने अनुमानित खर्चको विस्तृत लागत, विस्तृत अध्ययन सम्पन्न गर्न लाग्ने समय, शुरुको दुई वर्षभित्र अध्ययन सम्पन्न गरिने कार्यको तालिका, जलविद्युत आयोजनाको हकमा हाईड्रोलोजिकल विश्लेषण समेत) परामर्शदाताबाट प्रमाणित भएको डेस्क अध्ययन प्रतिवेदन,

(ग) नापी विभागद्वारा प्रकाशित १:२५,००० वा १:५०,००० स्केलको स्थलरुप नक्शामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको लागि आवश्यक जलाधार क्षेत्र र आयोजनाको संरचनाहरु रेखाङ्कन गरिएको स्थलरुप नक्शा,

(घ) कम्पनी संस्थापनाको प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कम्पनीको प्रबन्धपत्र र नियमावली, कर चुक्ता प्रमाणपत्र वा कर दाखिलाको निस्सा वा प्रमाण तथा कम्पनी अध्यावधिक भएको व्यहोराको पत्रको प्रमाणित प्रतिलिपिहरु,

(ङ) कम्पनीको आर्थिक हैसियत तथा क्षमता प्रमाणित गर्ने कागजात तथा विवरण,

(च) कम्पनीको प्राविधिक क्षमता प्रमाणित गर्ने कागजात तथा विवरण,

(छ) प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको विवरण (यस सम्बन्धमा सञ्चालक समितिको निर्णय, पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नम्बर (कार्यालय र निवास), मोबाइल नम्बर, फ्याक्स नम्बर, पोष्ट बक्स नम्बर तथा इमेल ।

+८. **आर्थिक क्षमता वा हैसियत सम्बन्धीः** प्रबर्द्धकले आफ्नो आर्थिक क्षमता वा हैसियत प्रस्तुत गर्न सर्वेक्षण अनुमतिपत्रको दरखास्त साथ विभाग समक्ष देहायका कागजातहरु पेश गर्नुपर्नेछ :

(क) प्रति मेगावाट दशलाख रुपैयाँ बराबरको खुद सम्पत्ति (नेटवर्थ) रहेको विवरण रजिष्टर्ड चार्टर्ड एकाउण्टेण्टबाट प्रमाणित गरिएको प्रति,

(ख) प्रवर्द्धक कम्पनीले एकभन्दा बढी आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिएकोमा त्यस्तो थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक क्षमता,

+ पहिलो संशोधनद्वारा संशोधित

(ग) खुद सम्पति (नेटवर्थ) प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेण्टको संस्था दर्ता प्रमाणपत्र नविकरण भएको निस्साको प्रमाणित प्रति, र

(घ) विदेशी कम्पनी वा व्यक्ति शेयरधनी भई नेपालमा कम्पनी दर्ता भएकाको हकमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिमको स्वीकृती लिई अनुमतिपत्र प्रदान भएको मितिले छ महिना भित्र खण्ड (क) र (ख) बमोजिमको खुद सम्पति (नेटवर्थ) देखिने प्रमाणित कागजात ।

[१] (ङ) विद्युत उत्पादनको अनुमतिपत्र जारी भएका आयोजनाको विद्युत गृहबाट उत्पादित विद्युत प्रशारण (Power Evacuate) गर्ने प्रयोजनका लागि सोही आयोजनाका प्रवर्द्धकले माग गरेको विद्युत प्रशारण अनुमतिपत्र जारी गर्दा आर्थिक क्षमता सम्बन्धी थप विवरण पेश गर्नुपर्ने छैन ।

९. <u>प्राविधिक क्षमता सम्बन्धी:</u> प्रवर्द्धकले आफ्नो प्राविधिक क्षमता प्रस्तुत गर्न अनुमतिपत्रको दरखास्तसाथ विभाग समक्ष देहाय बमोजिमका कागजात तथा विवरणहरु पेश गर्नुपर्नेछ :

(क) प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको परामर्शदाता संस्थासङ्ग गरिएको सम्झौतापत्र वा समझदारीपत्र वा आशयपत्र तथा परामर्शदाताको संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कम्पनीको प्रबन्धपत्र तथा नियमावली, कर चुक्ता प्रमाणपत्र वा कर दाखिला सम्वन्धी निस्सा वा प्रमाणको प्रमाणित प्रतिहरु,

(ख) परामर्शदाता विदेशी भएमा निजले नेपालमा दर्ता भएको कुनै परामर्शदातासङ्ग आबद्ध भई कार्य गर्ने गरी गरेको सम्झौताको अतिरिक्त विदेशी तथा स्थानिय परामर्शदाता संस्थाको संस्था दर्ता भएको कागजातको प्रमाणित प्रति एवम् प्रबन्धपत्र, नियमावली, कर चुक्ता प्रमाणपत्र वा कर दाखिला प्रमाणको प्रमाणित प्रतिहरु, र

(ग) प्रवर्द्धक कम्पनीको आफ्नै प्राविधिक जनशक्तिहरु भएमा त्यस्तो प्राविधिक जनशक्तिहरुको व्यक्तिगत विवरण (बायोडाटा) सहितको कम्पनी प्रोफाइल ।

१०. <u>दरखास्त छानबिन र कागजात पेश गर्ने अवधि सम्बन्धी:</u> (१) विद्युत उत्पादन, प्रसारण वा वितरणको लागि विभाग समक्ष प्राप्त दरखास्त तथा सोसाथ संलग्न कागजात तथा विवरण छानबिन गर्दा ऐन, नियमावली र यस निर्देशिका बमोजिम आवश्यक सम्पूर्ण कागजात तथा विवरणहरु प्राप्त नभएसम्म रीतपूर्वक दरखास्त परेको मानिने छैन ।

(२) प्रबर्द्धकले अनुमतिपत्रको लागि दिएको दरखास्तमा उल्लेख गरिएको भन्दा विभागबाट निर्धारण गरिएको जडित क्षमता बढी भएमा विभागबाट निर्धारित जडित क्षमता बमोजिम सर्वेक्षण अनुमतिपत्रको दस्तुर बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जडित क्षमता बृद्धि भएकोमा प्रबर्द्धकले अनुमतिपत्र वापत थप गर्नुपर्ने दस्तुर, अध्यावधिक डेस्क अध्ययन प्रतिवेदन लगायत विभागले माग गरे बमोजिमका अन्य कागजात तथा विवरण पेश गर्नु पर्नेछ र सो प्रयोजनको लागि बढीमा पन्ध्र दिनको समय प्रदान गरिनेछ ।

(४) उपदफा (३) बमोजिम थप कागजात तथा विवरण पेश गर्न दिइएको समय नपुग भएको भनी प्रबर्द्धकले लिखित अनुरोध गरेमा वा विभागले आवश्यक ठानेमा त्यस्तो थप कागजात तथा विवरण पेश गर्न पुनः सात दिनसम्मको अतिरिक्त समय प्रदान गर्न सकिनेछ ।

११. <u>दरखास्त उपर कारबाही नहुने:</u> (१) देहायको अवस्थामा सर्वेक्षणको लागि दिइएको दरखास्त उपर कुनै कारवाही गरिने छैनः

(क) नेपाल सरकारका निकायबाट अध्ययन भइरहेका वा नेपाल सरकारको वार्षिक कार्यक्रममा समाविष्ट आयोजनाहरुलाई प्रतिकूल प्रभाव पार्ने र त्यस्तो आयोजना क्षेत्रसङ्ग दोहोरो पर्ने गरी दरखास्त दिएको देखिएमा,

(ख) यस अघि अनुमतिपत्र प्रदान गरिएको आयोजनाको सर्वेक्षण क्षेत्र र स्रोतसङ्ग दोहोरो पर्ने गरी दरखास्त दिएको देखिएमा,

[१] पहिलो संशोधनद्वारा थप

(ग) नदी वेसिन गुरुयोजनाले पहिचान गरेका आयोजनाहरुलाई प्रतिकूल प्रभाव पर्ने देखिएमा,

तर उक्त आयोजनाहरुको आंशिक क्षेत्रमा अन्य आयोजनाको अनुमतिपत्र जारी भइसकेको अवस्थामा बाँकी क्षेत्रमा अन्य आयोजना निर्माणको लागि औचित्यको आधारमा अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

(घ) सर्वेक्षणको अनुमतिपत्र बहाल रहेको वा त्यस्तो अनुमतिपत्र नवीकरण गर्ने वा नगर्ने सम्बन्धमा निर्णय भई नसकेका आयोजनाको क्षेत्रभित्र परेको एवम् स्रोत उपयोग तथा संरचनामा दोहोरो पर्ने गरी दरखास्त दिइएको देखिएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आंशिक रुपमा आयोजना क्षेत्र दोहोरो परेको भएपनि दोहोरो नपरेको बाँकी क्षेत्रमा आयोजना सम्भाव्य हुने देखिएमा वा स्रोतको उपयोगमा दोहोरो नपर्ने तथा अन्य आयोजनाहरुको प्रस्तावित संरचना वा सो संरचना निर्माणमा बाधा नपर्ने एवं उत्पादन क्षमतामा समेत प्रतिकूल असर नपर्ने भएमा जलविद्युत उत्पादन सर्वेक्षणको लागि दिइएको दरखास्त उपर आवश्यक छानबिन गरी उपयुक्तताको आधारमा सर्वेक्षणको अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

(३) प्रवर्द्धकले दरखास्तसाथ पेश गरेको डेस्क अध्ययन प्रतिवेदन तथा प्रारम्भिक हाईड्रोलोजिकल अध्ययनको आधारमा उक्त आयोजना तत्कालका लागि सम्भाव्य नदेखिएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

(४) अनुमतिपत्र दस्तुर वापतको रकम पूर्णरुपमा दाखिला नभएका अनुमतिपत्रको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

१२. <u>सर्वेक्षण अनुमतिपत्र प्रदान गर्ने सम्बन्धीः</u> (१) ऐन, नियमावली र यस निर्देशिका बमोजिम सबै प्रक्रिया तथा रित पूरा भएको दरखास्तलाई दर्ता मितिको आधारमा प्राथमिकताक्रम निर्धारण गरी विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राथमिकताक्रमको आधारमा सर्वेक्षणको अनुमतिपत्र प्रदान गरे पछि एउटै क्षेत्र माग गरी एक भन्दा बढी दरखास्त परेको भए अन्य दरखास्तहरु स्वतः निष्कृय हुनेछन् ।

(३) उपदफा (१) बमोजिम जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र प्रदान गर्दा सामान्यतया दुई वर्षको अवधिका लागि दिइनेछ ।

✤(४) एउटै सर्वेक्षण क्षेत्र भित्र एउटै जलस्रोत उपयोग गरी एउटै प्रवर्द्धकले बाँध क्षेत्र (हेडवर्क्स) देखि टेलरेस सम्म Environmental flow उपयोग गर्ने वा अत्यधिक Head लाई ब्रेक गर्ने वा नदीको दुवै किनारमा विद्युत गृह राख्ने प्रयोजनको लागि एक भन्दा बढी विद्युत गृह (पावरहाउस) निर्माण गरी जलविद्युत उत्पादन हुने भएमा प्रत्येक विद्युत गृहका लागि छुट्टाछुट्टै अनुमतिपत्र लिनुपर्ने छैन ।

तर क्यासकेड आयोजनाको हकमा यो व्यवस्था लागू हुने छैन ।

१३. <u>विद्युत उत्पादनको अनुमतिपत्र लागि दरखास्त दिने सम्बन्धीः</u> (१) कुनै विद्युत आयोजनाको निर्माण गर्न चाहने प्रवर्द्धकले विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्न विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र बहाल रहेको अवधिभित्रै नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्तसाथ ऐन तथा नियमावलीमा उल्लिखित कागजातको अतिरिक्त देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछः

(क) विद्युत उत्पादनको क्षमता अनुसारको अनुमतिपत्र दस्तुर बापतको रकम विभागको धरौटी खातामा जम्मा गरेको सक्कल रसिद,

(ख) वित्तीय व्यवस्था सम्बन्धी देहाय बमोजिमका विवरण तथा कागजातहरुः

(अ) शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने विवरण तथा जानकारी,

(आ) कम्तिमा अघिल्ला दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण,

✤ पहिलो संशोधनद्वारा थप

(इ) आयोजनमा लगानी गरिने शेयर बराबरको कम्पनीको खुद सम्पति (नेटवर्थ) वा सो बराबरको रकम शेयरको रुपमा शेयरधनीहरुले लगानी गर्नसक्ने क्षमता पुष्टी हुने बैङ्क विवरण (स्टेटमेन्ट) वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासङ्ग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने प्रमाणित कागजात, बैङ्क विवरण (स्टेटमेन्ट) वा अन्य सम्पत्ति विवरण रजिष्टर्ड चार्टर्ड एकाउण्टेण्टबाट प्रमाणित भएको प्रति र त्यस्तो कागजात प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेण्टको संस्था दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित कागजात,

(ई) शेयर पूँजी लगानी गर्ने प्रतिबद्धता गरिएको सञ्चालक समितिको निर्णयको प्रमाणित प्रति,

(उ) आयोजनामा प्रत्यक्ष रुपले ऋण लगानी गर्ने वित्तीय संस्थाहरुसङ्ग भएको ऋण सम्झौता वा ती संस्थाहरुले ऋण लगानी गर्न व्यक्त गरेको प्रतिबद्धतापत्र ।

(ग) आयोजनाको लागि आवश्यक घर जग्गा र सो को उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत,

(घ) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन,

(ङ) कम्पनी संस्थापनाको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कम्पनीको अद्यावधिक शेयर लगत अभिलेख, पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको प्रमाण, उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत),

(च) बहाल रहेको विद्युत खरिद विक्रीको सम्झौता वा विद्युत जडान सम्झौता (कनेक्शन एग्रिमेन्ट) वा विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गरिने सम्वन्धी आशयपत्र,

(छ) आयोजना क्षेत्रको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्साङ्कन भएको सक्कल स्थलरुप (टोपो) नक्शा,

(ज) निर्माण कार्यको विस्तृत तालिका,

(झ) आयोजनाको सम्भाव्यता अध्ययन वा विस्तृत इन्जिनियरिङ्ग डिजाइन र डिजाइन नक्सा, डिजाइन र ड्रइङ्ग तथा सो को विद्युतीय प्रति,

(ञ) विद्युत निर्यात गर्ने आयोजनाको हकमा सम्बन्धित विद्युत प्रसारण कम्पनी (अन्तरदेशिय विद्युत प्रसारण समेत) संग भएको विद्युत प्रसारण सम्झौता वा त्यस सम्बन्धी आशयपत्र, विद्युत खरिद कर्तासङ्ग भएको खरिद बिक्री सम्झौता वा आशयपत्र, विद्युत निर्यात गर्ने सम्बन्धमा विद्युत नियमन आयोगको स्वीकृति ।

(३) विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र बहाल रहेको अवधिभित्रै विद्युत उत्पादनको अनुमतिपत्रको लागि आवश्यक दस्तुर, आयोजना लागत वापतको रकम तथा अन्य आवश्यक सबै विवरण तथा कागजात संलग्न गरी दरखास्त दिनु पर्नेछ । यस्तो दरखास्त साथ पेश हुन छुट भएका वा पेश गर्न बाँकी विवरण तथा कागजातहरु सो दरखास्त पेश गरेको मितिले पैंतीस दिनभित्र विभाग समक्ष पेश गरिसक्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको समय नपुग भएको भनी प्रवर्द्धकले लिखित अनुरोध गरेमा वा विभागले आवश्यक ठानेमा त्यस्तो थप कागजात तथा विवरण बुझाउन पुनः सात दिनसम्मको अतिरिक्त समय प्रदान गर्न सकिनेछ ।

(५) विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रमा कायम रहेको जडित क्षमता बमोजिम नै विद्युत उत्पादनको अनुमतिपत्रको लागि दिइने दरखास्तमा उल्लेख गर्नुपर्नेछ र सो बमोजिम नै विद्युत उत्पादन अनुमतिपत्रमा जडित क्षमता कायम गरिनेछ ।

१४. <u>विद्युत उत्पादनको अनुमतिपत्र सम्बन्धीः</u> (१) विद्युत खरीद बिक्री सम्झौता तथा वित्तीय व्यवस्थापन बाहेक विद्युत उत्पादनको अनुमतिपत्रका लागि प्रचलित कानुनमा उल्लिखित अन्य कागजात तथा विवरणहरु पेश भएको अवस्थामा विद्युत खरीद बिक्री सम्झौता तथा वित्तीय व्यवस्थापन दुई वर्षभित्र सम्पन्न गर्ने शर्त सहित विद्युत उत्पादन अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

+(२) अनुमतिपत्रको माग गरिएको आयोजनाको जडित क्षमता भन्दा घटी या बढी क्षमताको उद्योग दर्ता प्रमाणपत्र पेश गरेकोमा वा जडित क्षमताको उद्योग दर्ता प्रक्रियामा रहेको अवस्थामा एक वर्षको अवधिमा आयोजनाको क्षमता अनुसारको उद्योग दर्ता प्रमाणपत्र पेश गर्नुपर्ने शर्त सहित उत्पादन अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

(३) विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएकै प्रवर्द्धकको नाममा विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गरिनेछ। तर विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त प्रवर्द्धक कम्पनीले आफ्नो शेयर स्वामित्व न्यूनतम दश प्रतिशतमा नघट्ने गरी संस्थापना गरेको कम्पनिको नाममा अनुमतिपत्र माग गरेमा एक वर्ष भित्रमा उद्योग दर्ता प्रमाणपत्र पेश गर्ने शर्त सहित विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

+(४) सर्वेक्षण अनुमतिपत्रको नवीकरण गर्न सकिने अवस्था हुँदाहुँदै विद्युत उत्पादन अनुमतिपत्रको लागि दरखास्त दिएका प्रवर्द्धकले त्यस्तो दरखास्त साथ सम्भाव्यता अध्ययन प्रतिवेदन, स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र विद्युत जडान सम्झौता (Connection Agreement) पेश नगरेमा त्यस्तो विवरण पेश गर्न एक पटकको लागि बढीमा ३५ दिनको समयावधि दिइने छ । सो अवधिमा प्रवर्द्धकले उल्लिखित विवरण पेश गर्न नसकेमा त्यस्तो दरखास्त उपर कारवाही गरिने छैन ।

तर उत्पादन अनुमतिपत्र उपर कारवाही नगरिने जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र सोही प्रवर्द्धकले पुनः सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिन सक्नेछ र सो अवधिसम्म उक्त आयोजना सोही प्रवर्द्धकको हकमा दफा १९ बमोजिमको आयोजना बैङ्कको सूचीमा सूचिकृत भएको मानिने छैन ।

(५) कुनै आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन स्वीकृतीको लागि सम्बन्धित मन्त्रालयमा पेश गरिएको भए एक वर्ष भित्र स्वीकृत प्रतिवेदन पेश गर्ने शर्त सहित विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

(६) विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्तसाथ सामान्य प्रकृतिका विवरण तथा कागजात पेश हुन छुट भएको अवस्थामा निश्चित समय भित्र पेश गर्ने शर्त सहित विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

**१५. <u>सर्वेक्षण अनुमतिपत्र नवीकरण वा संशोधनः</u>** (१) सर्वेक्षण अनुमतिपत्रको नवीकरणको लागि उक्त अनुमतिपत्रको म्याद समाप्त हुनु अगावै नियमावलीमा उल्लेख भए बमोजिमको दस्तुर सहित विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) सर्वेक्षणको अनुमतिपत्र प्राप्त कुनै प्रवर्द्धकले आयोजनाको क्षमता, संरचना, एलाइनमेन्ट, स्रोत, सर्वेक्षण क्षेत्र, गाउँपालिका, नगरपालिका, शर्त प्रक्रिया समेतमा थपघट वा संरचना स्थानान्तरण मध्ये कुनै कार्य गर्नका लागि अनुमतिपत्र संशोधन गर्न चाहेमा सोको स्पष्ट कारण खुलाई आवश्यक कागजात, विवरण तथा नक्शा सहित विभागमा निवेदन दिन सक्नेछ ।

♣(३) उपदफा (२) बमोजिम अनुमतिपत्र संशोधन गर्दा वृद्धि भई कायम हुन आउने जडित क्षमता विद्युत नियमावलीको अनुसुची-११ मा तोकिएको दस्तुर सीमा भन्दा बढी हुने भएमा बढी हुन आएको क्षमता अनुसारको दस्तुर सर्वेक्षण अनुमतिपत्र जारी भएको मिति देखि नै नपुग हुन आउने दस्तुर बापतको रकम बुझाउनु पर्नेछ ।

(४) नवीकरणको लागि दरखास्त दिंदा यस निर्देशिकाको अनुसूची-१ बमोजिम भरिएको फारामहरु तथा विगतमा पेश गरेको कार्यतालिका बमोजिम कार्य प्रगति प्रतिवेदन समेत समावेश गर्नु पर्नेछ । यसरी कार्यतालिका बमोजिम निर्धारित कार्यहरु तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा सोको कारण र औचित्य समेत उल्लेख गर्नु पर्नेछ ।

(५) अनुमतिपत्र नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिलाई मुख्य आधार मानिनेछ ।

(६) प्रवर्द्धकले पेश गरेको कार्य प्रगति प्रतिवेदन सन्तोषजनक नदेखिएमा वा विभागले आवश्यक ठानेमा आयोजनाको प्रगति सम्बन्धमा प्रवर्द्धकबाट प्रस्तुतीकरण गर्न लगाउने वा विभागले आफ्नो मातहतका कर्मचारी खटाई आयोजनाको स्थलगत निरीक्षण गर्न गराउन सक्नेछ ।

+ पहिलो संशोधनद्वारा संशोधित
♣ पहिलो संशोधनद्वारा थप

(७) उपदफा (५) र (६) बमोजिम छानबिन गर्दा आयोजनाको कार्य प्रगति सन्तोषजनक नदेखिएमा त्यस्तो आयोजनाको लागि प्रदान गरिएको अनुमतिपत्र नवीकरण गरिने छैन र अनुमतिपत्र नवीकरण नगर्ने निर्णय गर्नुअघि सम्बन्धित प्रवर्द्धकलाई सफाई पेश गर्न पन्ध्र दिनको समय दिइनेछ ।

(८) उपदफा (१) वा (२) बमोजिम प्राप्त दरखास्त, त्यससाथ संलग्न कागजात विवरण तथा स्थलगत निरीक्षण समेतका आधारमा आवश्यकता एवम् औचित्य हेरी सर्वेक्षण अनुमतिपत्रमा संशोधन गर्न सकिनेछ ।

(९) सामान्यतया सर्वेक्षण अनुमतिपत्रको नवीकरण एक वर्षको लागि मात्र गरिनेछ ।

१६. <u>विद्युत उत्पादन अनुमतिपत्र संशोधन सम्बन्धीः</u> +(१) विद्युत खरीद बिक्री सम्झौता तथा वित्तीय व्यवस्थापन सम्पन्न गर्नका लागि सामान्यतया दुई वर्षको समय तोकी सशर्त विद्युत उत्पादन अनुमतिपत्र प्रदान गरिएकोमा त्यसरी तोकिएको समय भित्रपनि उक्त कार्यहरु सम्पन्न हुन नसकेमा आवश्यकता र औचित्य हेरी पहिले दिइएको समयावधि समेत गणना गरी बढीमा तीन वर्षमा नबढ्ने गरी उक्त कार्यका लागि म्याद थप दिन सकिनेछ । तीन वर्षको अवधि भित्र समेत वित्तीय व्यावस्थापन हुन नसक्ने भई प्रवर्द्धकले वित्तीय व्यवस्थापनको म्याद थपको लागि अनुरोध गरेमा वित्तीय व्यवस्थापनको लागि गरिएका प्रयास र सोको प्रगति समेतका आधारमा न्यूनतम छ महिना देखि बढीमा दुई वर्षसम्मको अवधि थप गर्न सकिनेछ । यसरि अवधि थप हुने भएमा थप अवधिको लागि सो आयोजनाको जडित क्षमता वापतको क्यापासिटी रोयल्टी (प्रति किलोवाट १०० रुपिया) बराबरको रकम सम्बन्धित प्रवर्द्धकले बुझाउनु पर्नेछ ।

+(२) विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरेपश्चात् मुख्य मुख्य संरचनाहरुको डिजाईनमा व्यापक वा उल्लेखनीय परिवर्तन गर्नु परेमा वा संरचनामा नै थपघट वा स्थानातरण गर्नु परेमा वा आयोजनाको उत्तम लाभ लागत (प्रोजेक्ट अप्टिमाइजेशन) को आधारमा क्षमता थपघट गर्नु परेमा सो को कारण खुलाई प्रवर्द्धकले लिखित अनुरोध गरेमा आवश्यकता र औचित्य हेरी थप अध्ययन गर्न सैद्धान्तिक सहमति प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सहमति प्राप्त भएपछि संशोधित अध्ययन प्रतिवेदन, क्षमता संशोधन भएमा संशोधित क्षमताको विद्युत खरिद बिक्री सम्झौता, उद्योग दर्ताको प्रमाणपत्र, थप क्षमताको वित्तीय व्यवस्था सम्बन्धी आशयपत्र र स्वीकृत पूरक वातावरणीय प्रतिवेदन पेश भएमा मात्र विद्युत उत्पादनको अनुमतिपत्र संशोधन गर्न सकिने छ ।

+(४) जलविज्ञान (हाइड्रोलोजी), विद्युत बजारको उपलब्धता, विद्युत प्रशारण लाइनको क्षमता र अवस्थाका कारणले थप-घट भई कायम हुने क्षमताको लागि विद्युत खरीद बिक्री सम्झौता वा विद्युत जडान सम्झौता वा विद्युत खरिद बिक्री सम्झौताको आशयपत्र भएको अवस्थामा आयोजनाको उत्तम लाभ लागत (प्रोजेक्ट अप्टिमाइजेशन) का आधारमा संशोधित अध्ययन प्रतिवेदन, संशोधित स्वीकृत पूरक वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भए पश्चात् सोही क्षमताको लागि विद्युत उत्पादनको अनुपतिपत्र संशोधन गर्न सकिनेछ ।

(५) उत्पादन अनुमतिपत्र जारी भएका आयोजनाका हकमा प्रवर्द्धकले जलस्रोत थप गर्न वा आयोजनाको हेड या जलाशयको क्षेत्र वृद्धि हुने गरी क्षेत्र थपगर्न वा जडित क्षमता थप गर्न निवेदन पेश गरेको अवस्थामा आवश्यकता र औचित्यका आधारमा थप अध्ययन गर्न सैद्धान्तिक सहमति प्रदान गर्न सकिनेछ । उक्त सहमति प्राप्त भएपश्चात् संशोधित अध्ययन प्रतिवेदन, स्वीकृत पूरक वातावरणीय अध्ययन प्रतिवेदन तथा थपक्षमताको लागि संशोधित विद्युत खरिद बिक्री सम्झौता, वित्तीय व्यवस्थापन र उद्योग दर्ता प्रमाणपत्र लगायतका कागजात पेश भएको अवस्थामा मात्र उत्पादन अनुमतिपत्र संशोधन गर्न सकिनेछ ।

+(६) उत्पादन अनुमतिपत्र जारी भएका आयोजनाको लागि आवश्यक नरहेको क्षेत्र कटाउन र थप क्षेत्र आवश्यक परेको खण्डमा संशोधनको लागि निवेदन पेश गरेको अवस्थामा आवश्यकता र औचित्यका आधारमा क्षेत्र संशोधन गर्न सकिनेछ ।

+ पहिलो संशोधनद्वारा संशोधित

+(७) उपदफा (५) बमोजिम अनुमतिपत्र संशोधन गर्दा वृद्धि भई कायम हुन आउने जडित क्षमताविद्युत नियमावलीको अनुसूचि -११ मा तोकिएको दस्तुरको सिमा भन्दा बढी हुने भएमा बढी हुन आएको क्षमता अनुसार सर्वेक्षण अनुमतिपत्र अवधि पाँच वर्षको पूरै सर्वेक्षण अनुमतिपत्र दस्तुर र विद्युत उत्पादन अनुमतिपत्र दस्तुर समेत गरी नपुग हुन आउने रकम जम्मा गर्नु पर्ने छ ।

तर आयोजनाको जलस्रोत थप वा क्षेत्र थपवा जडित क्षमता वृद्धि हुने वा ऊर्जा उत्पादनमा मात्र वृद्धि हुने तर नियमावलीको अनुसूचि -११ बमोजिमको दस्तुरको सीमा भित्र रहने गरी जडित क्षमता वृद्धि हुने भएमा थप दस्तुर बुझाउनुपर्ने छैन ।

+(८) उपदफा (१) बमोजिम म्याद थप तथा उपदफा (३), (४), (५), (६) वा (७) बमोजिम उत्पादन अनुमतिपत्रमा संशोधन हुँदा जारी भएको अनुमतिपत्रको कूल अवधिमा थप हुने छैन ।

+(९) प्रवर्द्धकले आयोजनाको क्षेत्र संशोधन माग गर्दा अन्य अनुमति प्राप्त आयोजना, नेपाल सरकारको आयोजना बैङ्कको सूचीमा रहेका आयोजना तथा गुरुयोजनामा रहेका आयोजनाको क्षेत्रसङ्ग आंशिक रुपमा दोहोरो पर्ने गरी माग भएको पाइएमा आवश्यक छानबिन गरी उक्त आयोजनाहरुलाई तात्विक रुपमा असर नपर्ने देखिएमा संशोधन गर्न सकिने छ ।

१७. **<u>पुनः सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न सकिने:</u>** (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा पुनः सर्वेक्षण अनुमतिपत्र जारी गर्न सकिने छः

(क) काबु बाहिरको अवस्था सृजना भई कुनै प्रवर्द्धकले सर्वेक्षण अनुमतिपत्र नवीकरणको लागि त्यस्तो अनुमतिपत्रको म्याद बहाल रहदै दरखास्त दिन नसकेमा,

(ख) रितपूर्वकको दरखास्त नदिएकोमा वा दरखास्त दिएर पनि कुनै कारणवस सर्वेक्षण अनुमतिपत्र नवीकरण नभएकोमा त्यस्तो अवस्था परेको वा नवीकरण नगर्ने निर्णयको जानकारी पाएको मितिले पन्ध्र दिन भित्र पुनः सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिएमा,

(२) खण्ड (क) वा (ख) बमोजिम कुनै प्रवर्द्धकले दरखास्त दिएमा विगतको कार्य प्रगतिका आधारमा सोही प्रवर्द्धकलाई उक्त जलविद्युत आयोजनाको नयाँ सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

(३) सर्वेक्षण अनुमतिपत्रको पूरा पाँच वर्षको अवधि व्यतित नभइ विद्युत उत्पादन वा प्रसारण वा वितरणको अनुमतिपत्रको लागि दरखास्त दिएकोमा कुनै कारणवश उक्त दरखास्त रद्द भएमा त्यस्तो दरखास्त रद्द गर्ने निर्णयका जानकारी दिएको मितिले पन्ध्र दिन भित्र निज प्रबर्द्धकबाट सोही आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिएमा त्यही आयोजनाको लागि नयाँ सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

तर यस्तो सर्वेक्षण अनुमतिपत्रको कूल अवधि गणना गर्दा पहिलो सर्वेक्षण अनुमतिपत्रको अवधि समेत गणना गरी जम्मा अवधि पाँच वर्षमा ननाघ्ने गरी नयाँ सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

## परिच्छेद-५

## <u>जलाशययुक्त आयोजना सम्बन्धी व्यवस्था</u>

१८. **<u>जलाशययुक्त आयोजना सम्बन्धीः</u>** (१) नदी वेसिन गुरुयोजना अन्तर्गत पहिचान भएका जलाशययुक्त तथा बहु उद्देश्यीय आयोजनाहरुको सम्बन्धमा गुरुयोजनाको मूल उद्देश्य र मर्म विपरीत नहुने गरी आयोजनागत रुपमा प्रवर्द्धकहरुको दरखास्त जाँचबुझ वा परीक्षण गरी कारवाही गरिनेछ ।

(२) माथि उल्लिखित गुरुयोजनाहरुमा समावेश भएका जलाशययुक्त आयोजनाहरुको हकमा जडित क्षमता निर्धारण गर्दा सम्बन्धित गुरुयोजनामा उल्लिखित जडित क्षमता वा ऊर्जा (इनर्जी) भन्दा कम नहुने गरी निर्धारण गरिनेछ ।

+ पहिलो संशोधनद्वारा संशोधित

(३) माथि उल्लिखित गुरुयोजनाहरुमा परेका जलाशययुक्त वा अन्य आयोजनाहरुको सम्बन्धित गुरुयोजनामा उल्लिखित जडित क्षमता अनुरुपको आयोजना बनाउन तत्कालका लागि सम्भव नभएको पाइएमा प्राविधिक विश्लेषण र औचित्यका आधारमा आयोजनाको उत्तम लाभ लागत (प्रोजेक्ट अप्टिमाइजेशन)का आधारमा आयोजनाको अनुमतिपत्र जारी गर्न वा क्षमता संशोधन गर्न सकिनेछ ।

(४) जलाशययुक्त आयोजनाहरुको लागि अनुमतिपत्र प्रदान गर्दा आयोजनाको प्रकृति तथा स्वरुपको आधारमा अनुमतिपत्रमा आवश्यकता अनुसार थप शर्तहरु तोक्न सकिने छ ।

## परिच्छेद-६

## आयोजना बैङ्कमा रहेका आयोजना विकास निर्माण गर्ने सम्बन्धी व्यवस्था

१९. **आयोजना बैङ्कमा रहने आयोजना:** देहायका आयोजनाहरु नेपाल सरकारको आयोजना बैङ्क रहने छन्:

(क) नेपाल सरकारको आफ्नै खर्च वा नेपाल सरकारको स्वामित्वमा रहेका संस्थाबाट वा विदेशी सहयोगमा संभाव्यता अध्ययन भएका आयोजनाहरु,

(ख) जुनसुकै कारणले सर्वेक्षण अनुमतिपत्र रद्द भएका र उत्पादन अनुमतिपत्रका लागि दिएका दरखास्तहरु रद्द भएका आयोजनाहरु,

(ग) उत्पादन अनुमतिपत्र रद्द भएका आयोजनाहरु,

(घ) नेपाल सरकारबाट अध्ययन भइरहेका वा नेपाल सरकारको लागि अन्य संस्थाबाट अध्ययन भइरहेका आयोजनाहरु ।

✦✦(ङ) कुनै आयोजनाको लागि प्रबर्द्धकले प्राप्त गरेको अनुमतिपत्रमा प्रदान गरिएको क्षेत्र उक्त आयोजनाको संरचनाका लागि आवश्यक नहुने भई दफा २६ को उपदफा (४) मा उल्लिखित उचाइ हेड प्राप्त हुने गरी प्राप्त हुन आएको आयोजना वा आयोजना क्षेत्र ।

यस खण्ड बमोजिम प्राप्त हुन आएका आयोजना वा आयोजना क्षेत्रको प्रोजेक्ट अप्टिमाइजेशनका आधारमा क्षेत्र मिलान गर्दा आयोजना विकास गर्ने सम्बन्धी व्यवस्थाका लागि दफा २० को उपदफा (१) र दफा २२ मा उल्लिखित व्यवस्था लागू हुनेछैन ।

२०. **आयोजना बैङ्कमा रहेका आयोजनाको विकास गर्ने सम्बन्धी:** (१) दफा १९ बमोजिम आयोजना बैङ्कमा रहेका आयोजनाहरु प्रतिस्पर्धाको माध्यमबाट वा नेपाल सरकारको निर्णय बमोजिम अन्य विधिबाट पनि विकास निर्माण गर्न गराउन सकिनेछ ।

+(२) दफा १९ को खण्ड (क) बमोजिमका आयोजनाको हकमा अध्ययन बापत पाँच मेगावाटसम्मका आयोजनाको लागि न्यूनतम रु. पचास लाख र सोभन्दा बढी क्षमताका आयोजनाको लागि प्रति मेगावाट रु. दश लाखका दरले हुन आउने रकम लिई विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

+तर यसरी लागत गणना गर्दा वास्तविक अध्ययन लागत वापतको रकम भन्दा कम हुने भएमा वास्तविक अध्ययन लागत बापतको रकम अनुमतिपत्र प्राप्त गर्न चाहनेले अनुमतिपत्र जारी गर्नु भन्दा अघि विभागले लिखित रुपमा जानकारी गराएको समयभित्र तिर्नुपर्नेछ ।

+ पहिलो संशोधनद्वारा संशोधित
++ दोश्रो संशोधनद्वारा संशोधित
✦✦ दोश्रो संशोधनद्वारा थप

++(३)दफा १९ को खण्ड (ख) र खण्ड (ङ) मा उल्लिखित आयोजनाहरुको हकमा अनुमतिपत्र दस्तुरका अतिरिक्त अध्ययन लागत वापत देहाय बमोजिम एकमुष्ठ रकम अग्रिम रुपमा बुझाउनु पर्नेछः

(क) एक मेगावाटदेखि पाँच मेगावाट सम्मका आयोजनाको लागि दश लाख रुपैयाँ,

(ख) पाँच मेगावाट देखि माथि दश मेगावाटसम्म बीसलाख रुपैयाँ,

(ग) दश मेगावाट देखि माथि पच्चीस मेगावाटसम्म तीसलाख रुपैयाँ,

(घ) पच्चीस मेगावाट देखि माथि एकसय मेगावाटसम्म अस्सी लाख रुपैयाँ,

(ङ) एकसय मेगावाट देखि माथि पाँचसय मेगावाटसम्म एक करोड रुपैयाँ,

(च) पाँच सय मेगावाट देखि माथि एक करोड बीस लाख रुपैयाँ ।

(४) दफा १९ को खण्ड (ग) बमोजिमका आयोजनाको हकमा सम्बन्धित संरचनाहरु (सुरुङ, नहर, जल प्रवाह प्रणाली, वाटर कनभे सिष्टम, हेडवर्क्स, विद्युत गृह (पावर हाउस) लगायतको उल्लेखनीय रुपमा निर्माण कार्य प्रारम्भ नभएका आयोजनाहरुको हकमा प्रति मेगावाट दश लाख रुपैयाका दरले कम्तिमा पचास लाख रुपैयाँ वा बढीमा बीस करोड रुपैयाँसम्म आयोजना अध्ययन लागत वापतको रकम लिई विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

(५) दफा १९ को खण्ड (ग) बमोजिमका आयोजनाहरुसंग सम्वन्धित मुख्य संरचनाहरु (सुरुङ, नहर, जल प्रवाह प्रणाली, वाटर कनभे सिष्टम, हेडवर्क्स, विद्युत गृह (पावर हाउस) लगायतको उल्लेखनीय रुपमा निर्माण कार्य भएको अवस्थामा उपदफा (४) बमोजिमको अध्ययन लागतका अतिरिक्त दफा २१ बमोजिम गठित समितिले निर्धारण गरेको संरचना निर्माण लागत वापत रकम समेत लिई सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दफा २१ बमोजिम निर्धारण भएको निर्माण लागत वापतको रकम विभागले सूचना गरी तोकेको समयभित्र बुझाउनु पर्नेछ ।

(६) दफा १९ बमोजिम आयोजना बैङ्कको सूचीमा रहेका एक भन्दा बढी आयोजनाहरु लाभ लागत (प्रोजेक्ट अप्टिमाइजेशन) को आधारमा एउटै आयोजनाको रुपमा विकास गर्न प्रस्ताव गरिएमा र त्यस्तो प्रस्ताव प्राविधिक र आर्थिक दृष्टिकोणले उपयुक्त देखिएमा क्षमताको आधारमा एउटै आयोजना मानी सोही बमोजिम आयोजना लागत बापतको एकमुष्ठ रकम अग्रिम रुपमा बुझाउनु पर्नेछ ।

(७) आयोजना बैङ्कमा रहेका आयोजनाहरुको उत्तम लाभ लागत (प्रोजेक्ट अप्टिमाइजेशन) को आधारमा विकास गर्ने उद्देश्यले एक पटक अग्रिम रुपमा आयोजना लागत बुझाएका प्रवर्द्धकले सोही क्षेत्रभित्रको एउटै जलाशयबाट छुट्टै विद्युत गृह (पावरहाउस) रहने अवस्थामा त्यस्तो पावरहाउसको लागि पुनः आयोजना लागत बुझाउनु पर्नेछैन ।

२१. **मूल्याङ्कन समितिः** (१) दफा १९ को खण्ड (ग) मा उल्लिखित आयोजनाहरुको भौतिक रुपमा सम्पन्न भएको निर्माण कार्यको मूल्याङ्कन गर्न देहाय बमोजिमको एक मूल्याङ्कन समिति गठन गरिनेछः

| | |
|---|---|
| +(क) विभागको उपमहानिर्देशक | संयोजक |
| (ख) मन्त्रालयले तोकेको विषय विज्ञ | सदस्य |
| (ग) मन्त्रालय वा विभागको उपसचिव (कानून) | सदस्य |
| (घ) मन्त्रालय वा विभागको उपसचिव (लेखा) | सदस्य |
| (ङ) विभागको सिनियर डिभिजनल इन्जिनियर | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम गठित मूल्याङ्कन समितिको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि कार्यादेशमा तोकिए बमोजिम हुनेछ ।

+ पहिलो संशोधनद्वारा संशोधित
++ दोश्रो संशोधनद्वारा संशोधित

+२२. **<u>प्रतिस्पर्धाको माध्यमबाट आयोजना विकास गर्न सकिने</u>**: दफा १९ बमोजिम आयोजना बैङ्कमा रहेका आयोजनाहरु आवश्यकता अनुसार प्रतिस्पर्धाको माध्यमबाट विकास निर्माण गर्न सकिनेछ । प्रतिस्पर्धाका आधारहरु अग्रिम शुल्क (अपफ्रण्ट फि) वा निश्चित समयावधिमा वार्षिक किस्ताबन्दी रुपमा भुक्तानी (एन्यूटी बेशिस) वा निःशुल्क ऊर्जा (फ्री इनर्जी) वा मन्त्रालयले निर्णय गरी तय गरेको अन्य विधिबाट बमोजिम हुनेछ ।

तर यो निर्देशिका जारी भए पश्चात् मन्त्रालयले प्रतिस्पर्धाको माध्यमबाट विकास गर्ने भनी निर्णय गरेका आयोजनाहरु बाहेकका आयोजना बैंकको सूचीमा रहेका आयोजनाहरुको हकमा दफा २० बमोजिमको शुल्क र अध्ययन लागत लिई सर्वेक्षणको अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

## परिच्छेद-७

## <u>विविध व्यवस्था</u>

२३. **<u>अनुमतिपत्रको बिक्री तथा हस्तान्तरण सम्बन्धीः</u>** (१) कुनै प्रवर्द्धकले आफूले प्राप्त गरेको विद्युत उत्पादन/प्रसारणको सर्वेक्षण अनुमतिपत्र बिक्री वा हस्तान्तरणको लागि स्वीकृति मागगर्दा देहाय बमोजिमका कागजात संलग्न गर्नुपर्नेछः

(क) सम्बन्धित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्षेत्र निर्धारण (स्कोपीङ डकुमेन्ट) र स्वीकृत कार्यसूची (टर्म्स अफ रिफरेन्स),

(ख) प्रारम्भिक वातावरणीय परीक्षणको हकमा स्वीकृत कार्यसूची (टर्म्स अफ रिफरेन्स),

(ग) अनुमतिपत्र हस्तान्तरण गरी लिने कम्पनी वा संस्थाको आर्थिक हैसियत पुष्टि गर्ने कागजात ।

(२) उपदफा (१) बमोजिमका कागजात पेश नभई सर्वेक्षणको अनुमतिपत्र बिक्री वा हस्तान्तरणको स्वीकृति दिइने छैन । तर सम्बन्धित कम्पनीको न्यूनतम पच्चिस प्रतिशत स्वामित्व रहेको अर्को कम्पनीलाई अनुमतिपत्र हस्तान्तरण गर्न सकिने छ ।

+२४. **<u>शेयर संरचनामा परिवर्तनः</u>** विद्युत उत्पादन वा प्रशारण वा वितरण वा सर्वेक्षणको अनुमतिपत्र प्राप्त प्रवर्द्धक कम्पनी/संस्थाको नाम, शेयर धनी वा शेयर संरचनामा परिवर्तन भएको ३० दिन भित्र परिवर्तित कागजात सहित सो को जानकारी विभागमा दिनु पर्नेछ ।

२५. **<u>कागजात तथा विवरण माग गर्ने सम्बन्धीः</u>** विभागले कुनै दरखास्त उपर छानबिन गर्दा आवश्यक कागजात वा सूचना वा जानकारी माग गर्न आवश्यक देखेमा समय तोकी माग गर्न सक्नेछ । त्यसरी माग गरिएको कागजात वा सूचना वा जानकारी उपलब्ध गराउनु प्रवर्द्धकको दायित्व हुनेछ ।

२६. **<u>आयोजनाको क्षेत्र थपघट गर्न सकिनेः</u>** (१) कुनै आयोजनाको लागि प्रवर्द्धकले प्राप्त गरेको विद्युत उत्पादनको अनुमतिपत्र वा विद्युत सर्वेक्षणको अनुमतिपत्रमा प्रदान गरिएको क्षेत्र आयोजनाको संरचनालाई आवश्यक पर्ने भन्दा बढी भएमा औचित्यको आधारमा उक्त बढी भएको क्षेत्र काटी त्यसको लागि आवश्यक पर्ने क्षेत्र मात्र कायम गरी आयोजनाको क्षेत्र संशोधन गर्न सकिनेछ ।

(२) विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त वा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्तको कारबाही क्रममा आयोजनाको संरचनालाई आवश्यक पर्ने क्षेत्रभन्दा बढी क्षेत्र माग भएको देखिएमा विभागले औचित्य हेरी उक्त बढी भएको क्षेत्र काटी आयोजनाको लागि आवश्यक पर्ने क्षेत्र मात्र उल्लेख गरी अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।

(३) दफा १९ बमोजिम आयोजना बैङ्कमा रहेको आयोजना र सो भन्दा तल माथि रहेका आयोजनाको उत्तम लाभ लागत (प्रोजेक्ट अप्टिमाइजेशन) को आधारमा क्षेत्र मिलान गर्न सकिने छ ।

+ पहिलो संशोधनद्वारा संशोधित

✋✋(४) दफा १९ को खण्ड (ङ) बमोजिमका आयोजनाको क्षेत्र मिलान गर्दा मिलान गरिने थप क्षेत्रमा नापी विभागबाट प्रकाशित टोपोनक्शा अनुसार कम्तीमा ४० मिटर वा सो भन्दा बढी उचाई (हेड) प्राप्त हुने भएमा यसरी प्राप्त हुन आएको क्षेत्रमा क्षेत्र थप गर्न प्रस्ताव गरेको आयोजनाको डिजाइन डिष्चार्ज, उपलब्ध हुन आएको उचाई (हेड), दफा ३ को उपदफा (१) को खण्ड (ग) अनुरुपको हेडलस तथा इफिसियन्सी समेतका आधारमा गणना गर्दा हुन आउने आयोजनाको क्षमता बराबरको आयोजना मानी दफा (२०) को उपदफा (३) अनुरुप हुने गरी अतिरिक्त दस्तुर त्यस्तो क्षेत्र थप गरी मिलान गर्ने आयोजनाका प्रबर्द्धकले एकमुष्ठ रुपमा बुझाउनु पर्नेछ ।

तर टोपोनक्शामा स्पष्ट रुपमा कम्तीमा ४० मिटर उचाई हेड प्राप्त हुन आउने नदेखिएमा यसरी प्राप्त हुन आएको आयोजना क्षेत्रलाई प्रोजेक्ट अप्टिमाइजेशनको आधारमा क्षेत्र मिलान गर्दा अध्ययन लागत बापतको अतिरिक्त दस्तुर बुझाउनुपर्ने छैन । उपलब्ध हुने हेड टोपो नक्शामा इन्टरपोलेट गरी गणना गरिनेछ ।

२७. **धरौटी रकम सम्बन्धी:** (१) प्रवर्द्धकले अनुमतिपत्र वापतको दस्तुर विभागको धरौटी खातामा जम्मा गर्नुपर्नेछ र अनुमतिपत्र प्रदान गरेपछि त्यस्तो रकम राजश्व खातामा जम्मा गरिनेछ ।

(२) कारणवश प्रवर्द्धकलाई अनुमतिपत्र प्रदान गर्न नसकिएमा अनुमतिपत्र दस्तुर वापत धरौटी खातामा रहेको रकम त्यस्तो प्रवर्द्धकलाई फिर्ता दिइनेछ ।

(३) प्रवर्द्धकले कुनै आयोजनाको लागि पेश गरेको धरौटी रकम फिर्ता हुने अवस्थामा धरौटी फिर्ता लिन आउन पत्राचार गरिएको मितिले एक वर्षभित्र धरौटी फिर्ता लिइसक्नु पर्नेछ ।

(४) प्रवर्द्धकले फिर्ता पाउने धरौटी रकम अन्य आयोजनाको अनुमतिपत्र दस्तुरमा मिलान गरिने छैन ।

+(५) अनुमतिपत्रको दरखास्तसाथ राखेको धरौटी रकम फिर्ता पाउने प्रवर्द्धकले देहाय बमोजिमका कागजात विवरण सहित विभागमा निवेदन दिई धरौटी फिर्ता लिनुपर्नेछ ।

क. धरौटी जम्मा सम्बन्धी विभागले जारी गरेको रसिदको सक्कल प्रति (ग्राहक प्रति) ।

ख. धरौटी जम्मा सम्बन्धी नेपाल राष्ट्र बैङ्कमा दाखिला गरेको बैङ्क भौचरको सक्कल प्रति (ग्राहक प्रति) ।

ग. धरौटी फिर्ताको लागि सञ्चालक समितिको निर्णय वा कम्पनीको आधिकारिक व्यक्तिको दस्तखत सहितको निवेदन ।

२८. **वातावरणीय अध्ययन सम्बन्धी:** (१) कुनै आयोजनाको लागि यस पूर्व नै प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची वा वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची र क्षेत्र निर्धारण प्रतिवेदन तयार गरी स्वीकृत भैसकेको अवस्थामा सोही आयोजनाका लागि पुनः कार्यसूची वा क्षेत्र निर्धारण प्रतिवेदन तयार गर्नुपर्ने छैन ।

(२) कुनै आयोजनाको लागि यस पूर्व नै प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न भई स्वीकृत भैसकेको भए सोही आयोजनाको लागि पुनः प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने छैन ।

२९. **अनुमतिपत्र वा अनुमतिपत्रको दरखास्त रद्द वा स्थगन सम्बन्धी:** (१) देहायको अवस्थामा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र वा विद्युत उत्पादनको अनुमतिपत्रको लागि दिएको दरखास्त रद्द गर्न सकिने छ :

(क) ऐन, नियमावली र यस निर्देशिका बमोजिम विद्युतको सर्वेक्षण, उत्पादन वा प्रसारणको लागि दरखास्त पेश गर्ने प्रवर्द्धकले तोकिएको समयभित्र विभागले माग गरे बमोजिमका कागजात तथा विवरणहरु पेश नगरेमा,

(ख) सर्वेक्षणको अनुमतिपत्र नविकरणको लागि अनुमतिपत्रको म्यादभित्र विभाग समक्ष दरखास्त पेश नगरेमा ।

+ पहिलो संशोधनद्वारा संशोधित
✋✋ दोश्रो संशोधनद्वारा थप

+(ग) दफा २० को उपदफा (२) वा (३) वा (४) बमोजिमका आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त पेश गर्ने प्रवर्द्धकले अनुमतिपत्र दस्तुरका अतिरिक्त अध्ययन लागत वापतको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएको रसिद सहित विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त पेश नगरेमा ।

+(घ) दफा २० को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित वास्तविक अध्ययन लागत वापतको रकम बुझाउन विभागले लिखित रुपमा जानकारी गराएको समयभित्र नबुझाएमा ।

(२) देहायको अवस्थामा विद्युत उत्पादनको अनुमतिपत्र रद्द गर्न सकिने छ :

(क) दफा १६ (१) को अवधिभित्र पनि विद्युत खरीद बिक्री सम्झौता तथा वित्तीय व्यवस्थापन सम्पन्न गर्न नसकेमा ।

(ख) विद्युत खरिद बिक्री सम्झौता तथा वित्तीय व्यवस्थापन सम्पन्न भएको छ महिनाभित्र निर्माण कार्य प्रारम्भ नगरेमा ।

+(ग) दफा १४ को उपदफा (१) बमोजिम विद्युत खरीद बिक्री सम्झौता तथा वित्तीय व्यवस्थापन सम्पन्न गर्ने शर्त सहित विद्युत उत्पादनको अनुमतिपत्र प्रदान गरिएको अवस्थामा विद्युत खरीद बिक्री सम्झौता तथा वित्तीय व्यवस्थापन हुन नसकेमा दफा १६ को उपदफा (१) बमोजिम म्याद थपका लागि त्यस्तो म्याद समाप्त हुनु अगाडि निवेदन नदिएमा ।

(३) प्रवर्द्धकले पेश गरे बमोजिमको आयोजना क्षेत्र उपलब्ध गराउन नसकिने वा त्यस्तो क्षेत्र घटाएर मात्र सर्वेक्षणको अनुमतिपत्र दिन सकिने भएमा र त्यस्तो अवस्थामा प्रवर्द्धकले सर्वेक्षण अनुमतिपत्र लिन नचाहेमा त्यस्तो दरखास्त/अनुमतिपत्र रद्द गरी धरौटी रकम फिर्ता दिइनेछ ।

**३०. <u>सजाँय सम्बन्धी आदेशको ढाँचा:</u>** ऐनको दफा ३८ विपरीत कार्य गर्ने अनुमतिपत्र प्राप्त प्रवर्द्धकलाई अनुसूचि-२ को ढाँचामा मन्त्रलायको निर्णय अनुसार सजाँय हुनेछ ।

**३१. <u>खारेजी र बचाउः</u>** (१) विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७३ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको निर्देशिका बमोजिम भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

+ पहिलो संशोधनद्वारा संशोधित

## अनुसूची-१

(दफा १५ को उपदफा (३) संग सम्बन्धित)

**म्याद थपको दरखास्तको ढाँचा**

श्रीमान महानिर्देशकज्यू: मिति : २०  ।  ।

विद्युत विकास विभाग,

सानो गौचरण, ज्ञानेश्वर, काठमाण्डौ ।

**विषयः विद्युतको सर्वेक्षण/उत्पादन अनुमतिपत्र (संख्या : वि.वि.वि २०  ।..... ) को म्याद थप/नवीकरण सम्बन्धमा।**

उपरोक्त सम्वन्धमा माथि उल्लिखित आयोजनाको लागि जारी भएको अनुमतिपत्रको म्याद मिति २०......।......।.....मा समाप्त हुन गइरहेको र सो अवधिसम्ममा सम्पूर्ण कार्य सम्पन्न हुन नसक्ने भएकोले बाँकी कार्य सम्पन्न गर्नको लागि मिति ...................... सम्म अनुमतिपत्रको म्याद थपका लागि आवश्यक दस्तुर तथा कागजात संलग्न गरी  अनुरोध गर्दछु/गर्दछौं ।

साथै म/हामी यो प्रतिवद्धता गर्दछु/गर्दछौ कि : यो दरखास्त तथा यसै साथ संलग्न विवरण तथा कागजातमा उल्लेख भएका सवै विवरणहरु सत्य/तथ्यमा आधारित छन् । संलग्न कार्यतालिका अनुसारका कार्यहरु आगामी वर्षसम्पन्न गरिने छन् । यदि संलग्न विवरणहरु तथ्यमा आधारित नपाइएमा वा संलग्न कार्यतालिका अनुसार उल्लेखनिय रुपमा कार्य प्रगति गर्न नसकेमा प्रचलित कानून तथा अनुमतिपत्रमा उल्लिखित शर्तहरु बमोजिम अनुमतिपत्र रद्द सम्मको कारवाही भएमा मेरो/हाम्रो पूर्ण सहमति रहने छ  र त्यस विरुद्ध कुनै उजूर गर्ने छैन/छैनौ ।

निवेदक वा अख्तियार प्राप्त व्यक्तिको,-

हस्ताक्षर..........................
नाम...............................
कम्पनीको नाम तथा छापः

**द्रष्टव्यः**

१. प्रत्येक पानामा अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र कम्पनीको छाप समेत हुनु पर्ने छ ।
२. विवरणहरु यही ढाँचामा सफासंग टाइप गरिएको हुनु पर्नेछ ।

## अनुसूची-१

(दफा १५ को उपदफा (३) संग सम्बन्धित)

विद्युत सर्भेक्षण अनुमतिपत्रको म्याद थप (नवीकरण)को दरखास्तका साथ पेश गर्नु पर्ने विवरणहरुः

फारम नं. -१ः
आयोजना सम्बन्धी संक्षिप्त विवरण

| **अनुमति पत्र संख्या** | **वि. वि. वि.................वि.उ.स.................** | विभागीय प्रयोजनको लागि |
|---|---|---|
| आयोजनाको नाम तथा क्षमता : | | |
| नदी वा खोलाको नाम : | | |
| जिल्ला, नगर/गाउँ पालिका एवं कोअर्डिनेट : | | |
| पबर्द्धकको नाम तथा ठेगाना (पो.ब.नं., इमेल, टेलिफोन, र फ्याक्स भएमा सो समेत) : | | |
| अनुमति पत्र जारी मितिः | | |
| यस अघिको म्याद थप विवरणः | (क) २०.....।.....।.....देखि २०.......।.....।.....सम्म<br>(ख) २०.....।.....।......देखि २०.......।.....।.....सम्म<br>(ग) २०.....।.....।......देखि २०.......।.....।.....सम्म<br>बर्ष/महिना/गते | |
| पछिल्लो पटक म्याद थप हुँदाका शर्त तथा निर्देशनहरुः | | |
| हाल सम्म पेश भएका प्रतिवेदनहरुः | | |
| **विभागीय प्रयोजनको लागि मात्रः** | | |

## अनुसूची-१

(दफा १५ को उपदफा (३) संग सम्बन्धित)

### फारम नं. २
### हालसम्म सम्पन्न भएका मुख्य कार्यहरुको संक्षिप्त विवरण

| गतिविधि | हाल सम्मको प्रगति | | विभागीय प्रयोजनको लागि |
|---|---|---|---|
| | संक्षिप्त विवरण | सम्पन्न प्रतिशत | |
| Topographical Survey and mapping | | | |
| Hydrological Studies | | | |
| Sediment Sampling and Analysis | | | |
| Surface Geological Mapping (including discontinuity surveys and rock mass classification) | | | |
| 2D ERT | | | |
| Geotechnical Investigations (test pits/adits; refraction/resistivity surveys; drilling etc.) | | | |
| Construction Material Survey | | | |
| Seismological Studies | | | |
| Design and Optimization<br>i. Preliminary Design and Optimization | | | |
| ii. Final Design and Optimization | | | |
| Project Evaluation<br>i. Cost & Quantity Estimate | | | |
| ii. Financial/Economic Analysis | | | |
| विभागीय प्रयोजनको लागि मात्र: | | | |

द्रष्टव्य:

१. कार्य शुरु मात्र गरिएको वा शुरु नै नभएको अवस्थामा प्रतिशतको महलमा सोही बमोजिम जनाउने ।

२. माथि दिइएको स्थान यथेष्ट नभए यही ढांचाको पाना थप गरी दुई पृष्ठमा नबढाइ विवरण दिन सकिने छ । फाराम ३ देखि ५ सम्मको हकमा समेत सोही बमोजिम गर्न सकिनेछ ।

## अनुसूची-१

(दफा १५ को उपदफा (३) संग सम्वन्धित)

फारम नं. ३

वातावरणीय अध्ययन लगायत अन्य कार्यमा हालसम्मको प्रगतिको विवरण

| गतिविधि | हाल सम्मको प्रगति | | विभागीय प्रयोजनको लागि |
|---|---|---|---|
| | संक्षिप्त विवरण (मिति सहित) | प्रगति प्रतिशत | |
| IEE को ToR वा EIA को Scoping Document / ToR | | | |
| वातावरणीय अध्ययनको सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन /सार्वजनिक सुनुवाई | | | |
| IEE/ EIA Report | | | |
| अन्य अध्ययन तथा कार्यहरु | | | |
| विभागीय प्रयोजनको लागि मात्र: | | | |

## अनुसूची-१

(दफा १५ को उपदफा (३) संग सम्बन्धित)

फारम नं. ४:
अनुमतिपत्र नविकरण हुनु पूर्व सम्पन्न भएका मुख्य मुख्य कार्यहरुको विवरण

<table>
<tr><th rowspan="2">कार्य</th><th colspan="2">कार्य प्रगति</th><th rowspan="2">विभागीय प्रयोजनको लागि</th></tr>
<tr><th>संक्षिप्त विवरण</th><th>प्रगति प्रतिशत</th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td>पछिल्लो वर्ष पेश गरेका प्रतिवेदनहरु</td><td colspan="3"></td></tr>
<tr><td colspan="4">विभागीय प्रयोजनको लागि मात्रः</td></tr>
</table>

## अनुसूची-१

(दफा १५ को उपदफा (३) संग सम्वन्धित)

फारम नं. ५

आगामी वर्ष गरिने कार्यहरुको कार्यतालिका

<table>
<tr><td rowspan="2">कार्य</td><td colspan="2">लक्ष्य</td></tr>
<tr><td>प्रस्तावित कार्य र लाग्ने समय</td><td>उक्त अवधिको अन्तसम्ममा सम्पन्न हुने कूल प्रतिशत</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td>आगामी वर्ष पेश गरिने प्रतिवेदनहरु:</td><td colspan="2"></td></tr>
<tr><td colspan="3">विभागीय प्रयोजनको लागि मात्र:</td></tr>
</table>

द्रष्टव्य:

१.कार्य तालिका MS Project, PrimaVeraवा त्यस्तै स्तरका Softwareमा तयार गरी संलग्न गर्न सकिने छ।

२. माथिको तालिका पूर्णरुपमा भर्नु पर्नेछ।

३. मुख्य मुख्य कार्यहरुको रंगिन फोटोग्राफ समेत संलग्न गर्नुपर्नेछ।

# अनुसूचि -२

(दफा ३० संग सम्बन्धित)

## निर्णय आदेशको ढाँचा

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री ......................बाट भएको निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकायः नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय ।

विरुद्ध

वि.वि.वि. .................... वि.उ.स./वि.उ./वि.प्र.स./वि.प्र.. .......... को ...................... अनुमतिपत्र )

अनुमतिपत्र प्राप्त संस्थाको नामः

**विषयः- अनुमतिपत्रको शर्त उल्लंघन विरुद्धको सजायँ ।**

...................................... कम्पनी प्रा.लि. लाई ...................... जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्वेक्षणको लागि विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र प्रदान गरिएकोमा ...............कम्पनी प्रा. लि. लाई .................जलविद्युत आयोजना -१ को सर्बेक्षण/उत्पादन/प्रशारण/वितरणको लागि दिइएको अनुमतिपत्रको बुँदा नं .. मा तोकिएको शर्त विपरति कार्य गरेको र उक्त विषयमा उक्त कम्पनीलाई मिति ................ मा स्पष्टिकरण सोधिएकोमा उक्त कम्पनीले मिति ............मा पेश गरेको स्पष्टिकरण सन्तोषजनक नभएको वा अनुमतिपत्रको उक्त शर्त विपरीत कार्य गरेको स्वीकार गरेको हदाँ उक्त कम्पनीलाई विद्युत ऐन, २०४९ को दफा ३८ को उपदफा (२) बमोजिम रु......................।- (अक्षरेपी .................... रुपैयाँ मात्र) जरिवाना गर्ने निर्णय गरिदिएको छु । अरु तपशील बमोजिम गर्नु ।

तपशीलः

१. ........................... हाइड्रोपावर कम्पनी प्रा.लि.बाट जरिवाना बापतको रकम रु..............।- ( अक्षरेपी.................. रुपैया मात्र) असुल उपर गर्नु ।

२. निर्णयको जानकारी माग गरेमा कानून बमोजिम उपलब्ध गराइदिनु ।

सचिव

ईति सम्बत २०......।......।...... गते रोज.......शुभम् ................................................।